# साउदी अरवमा पठाइएका नेपाली श्रमिकहरूको विवरण उपलब्ध गराउने सम्बन्धमा जरूरी अनुरोध!

यस राजदूतावासले मागपत्र प्रमाणीकरण सम्बन्धी कामलाई थप व्यवस्थित, नियमित, पारदर्शी र प्रभावकारी  ढंगले सम्पादन गर्न एवं नेपाल सरकार (मन्त्रिपरिषद्) ले साउदी अरवमा आउने नेपाली कामदारहरूका लागि निर्धारण गरेको मासिक न्यूनतम पारिश्रमिक कार्यान्यनमा लैजाने उद्देश्यका साथ गत जनवरी २०२१ देखि अनलाईन प्रणालीमार्फत गरिरहेको व्यहोरा विदितै छ।

हालसम्म राजदूतावासबाट रोगजारदाता कम्पनीले पेश गरेका मागपत्र ठूलो संख्यामा  प्रमाणीकरण भईसकेको छ। तपाईको कम्पनीबाट समेत उल्लेख्य संख्यामा कामदार साउदी अरव पठाउने मागपत्र प्रमाणित भईसकेका छन्। यसरी मागपत्र प्रमाणित भई साउदी अरव आउने नेपालीहरूले सम्झौता अनुसारको पारिश्रमिक र अन्य सुविधाको अवस्था सम्बन्धि विवरण संकलन एवं अद्यावधिक गर्ने काम भईरहेको हुँदा राजदूतावासबाट मागपत्र प्रमाणिकरण गरी साउदीस्थित विभिन्न कम्पनीमा तपाईको कम्पनीबाट पठाइएका नेपाली श्रमिकहरूको विवरण प्रत्येक कम्पनीको छुट्टाछुट्टै निम्नानुसारको ढाँचामा उपलव्ध गराइ सहयोग गर्नुहुन अनुरोध छ।

रोजगारदाता कम्पनीले प्रमाणिकृत मागपत्र अनुसार कामदारसँग गरे नगरेको र  सम्झौता अनुसार पारिश्रमिक लगायतका सेवा सुविधा गराए नगराएको सम्बन्धमा राजदूतावासका कर्मचारीहरू निकट भविष्यमा विभिन्न कम्पनीको भ्रमणमा जाने कार्यक्रम रहेको छ। यस सम्बन्धमा राजदूतावासले सम्बन्धित कम्पनीलाई छुट्टै इमेल पठाउने  पनि जानकारी गराइन्छ।

रोजगारदाता कम्पनीको विवरण
नामः
ठेगानाः
रजिष्ट्रेशन नं.
भिसा नं.
राजदूतावास प्रमाणिकरण नं र मितिः
हालसम्म पठाइएका श्रमिकहरूको विवरण। (हालसम्म कामदार नपठाएको भएमा सोको कारण )

| सि.नं. | नाम/थर | राहदानी नं | सम्पर्क नं. (साउदी अरवको) | पठाइएका कामदार कार्यरत कम्पनीको नाम र सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

मितिः २०७८।०८।१६